प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ९९ ।। २०८२ जेठ ०३ गते शनिबार (17th May 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


## पाडाजुँगीमा ए.पि.एफ. स्कुल स्थापना

# सशस्त्र प्रहरी र सर्वसाधारणका सन्तानले पढ्न पाउने

झापा(प्रस)। कोशी प्रदेशकै नमुना स्कुलको रुपमा स्थापित गर्ने उद्धेश्यले झापाको कमल गाउँपालिकाको पाडाजुँगीमा ए.पि.एफ. स्कुल स्थापना हुने भएको छ। कमल गाउँपालिका-५ स्थित सशस्त्र प्रहरी बल, नेपाल पाथीभरा जवान तालिम शिक्षालय, झापाको भोगाधिकार रहेको जमिनमा ए.पि.एफ. स्कुलको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले बिहीवार शिलान्यास गरेका छन्। सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रबाट सो स्कुल संचालन हुने भएको छ। देशको सबै प्रदेशहरुमा स्थापना गर्ने उद्देश्यअनुरुप हाल ४ ठाउँमा स्थापना भइसकेको छ। त्यसक्रममा कोशी प्रदेशअन्तर्गत पाडाजुँगीमा स्थापना गर्न लागिएको हो

मुनाफारहित शैक्षिक संस्थाको रुपमा स्थापना भएको यस स्कुलको मुल उद्धेश्य बहालवाला, कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त, अशक्त, अवकाश प्राप्त सशस्त्र प्रहरीका सन्ततिहरुलाई शिक्षा दिने रहेको छ। साथै अन्य सर्वसाधारणका सन्ततिहरु समेतलाई समयसापेक्ष आधुनिक र गुणस्तरीय शिक्षा प्रदान गरिने छ। हाल प्रारम्भिक चरणमा सबै झापा जिल्लाका स्थानीय पालिकाहरु, प्रदेश सरकार लगायत अरु सरोकारवाला निकायसंग छलफल, सहकार्य, समन्वय भएको छ। कमल गाउँपालिकाको सहयोगमास्कुलको डीपीआर तयार भएको छ। साथै विद्यमान शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भएअनुरुप स्कुल स्थापना तथा संचालनको स्वीकृतिको लागि स्कुल संचालनको विनियमसहित कमल गाउँपालिकाको कार्यालयमा निवेदन पेश भएको जनाइएको छ।



आगामी आर्थिक वर्षबाट यस स्कुलले कक्षा ४ र ५ बाट आवासीय विद्यालयको रुपमा संचालनमा ल्याउने भएको छ। साथै भौतिक पूर्वाधारहरु निर्माण गरी आवश्यकता अनुसार थप्दै जाने र कक्षा १२ सम्म संचालनमा आउनेछ। 'मानव उत्कृष्टताको लागि शिक्षा मानव स्वस्थताका लागि खेलकुद' नारा बोकेर स्थापना हुन लागेको यस स्कुलले गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापमा जोड दिई राष्ट्र निर्माणमा सुयोग्य, अनुशासित र उत्पादनशील नागरिक तयार गरी कोशी प्रदेशकै नमुना स्कुलको रुपमा स्थापित गर्ने उद्धेश्य लिएको पाथीभरा जवान तालिम शिक्षालयका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीले जानकारी दिएका छन्।

## ट्यांकरको ठक्करबाट दमकका लिम्बूको मृत्यु



झापा(प्रस)। मोरङको उर्लाबारीमा ट्यांकरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

बिहीवार राति ११.१५ बजे उर्लाबारी -३ पुरानो मंगलबारेस्थित राजमार्गमा उर्लाबारीबाट पथरीतर्फ जाँदै गरेको ग ६ प ५०२६ नम्बरको मोटरसाइकललाई पश्चिमबाट उर्लाबारीतर्फ आउँदै गरेको ना ५ ख २१८७ नम्बरको ट्यांकरले ठक्कर दिएको थियो। दुर्घटनामा मोरसाइकल चालक दमक -९ बस्ने ३६ वर्षीय मनकुमार लिम्बू गम्भीर घाइते भएका थिए। घाइतेलाई मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारेमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा राति १:३५ बजे उपचारका क्रममा मृत्यु भएको हो। मोटरसाइकल र ट्यांकर चालक बारा जितपुरसिमरा उपमहानगरपालिका २२ बस्ने २९ वर्षीय अशोक ठोकरलाई इलाका प्रहरी कार्यालय उर्लाबारीको नियन्त्रणमा राखिएको छ भने ट्यांकर अस्थायी प्रहरी पोष्ट तारावारीमा राखिएको छ। मृतकको शव बीएण्डसी अस्पतालमै रहेको छ।

## हावाहुरीले रुख ढाल्दा ३ जनाको मृत्यु



झापा(प्रस) ।हावाहुरीले रुख ढाल्दा शुक्रवार ३ जनाको मृत्यु भएको छ। नवलपरासीमा २ र कैलालीमा एक गरी ३ जनाको मृत्यु भएको हो। पश्चिम नवलपरासीको सुनवल-७ मा ३० वर्षीया मिरा बयम्बु र सोही वडाका ४० वर्षीय दुर्गाबहादुर पुनको मृत्यु भएको इलाका प्रहरी कार्यालय सुनवलका प्रमुख सन्तोष पौडेलले जानकारी दिए। शुक्रवार दिउँसो हावाहुरीसहित आएको पानीबाट जोगिन उनीहरू प्रतिक्षालयमा ओत लागेका थिए। त्यसक्रममा प्रतिक्षालयमाथि नै रुख ढलेपछि उनीहरुको मृत्यु भएको हो। रुखले च्यापेर अन्य तीन जना घाइते भएका छन्।

घाइतेलाई उपचारका लागि देवदह मेडिकल कलेज पठाइएको छ। यस्तै कैलालीमा हावाहुरीका कारण रुख ढल्दा लागेर एक शिक्षकको मृत्यु भएको छ।

शुक्रवार बिहान चलेको हावाहुरीले रुख ढल्दा राष्ट्रिय कलेज सुखडका पूर्वक्याम्पस प्रमुख कर्ण भण्डारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय सुखडका प्रहरी नायब उपरीक्षक रमेश दत्त अवस्थीले जानकारी दिए।

## बिषालु च्याउ खाएर मेचीनगरका तीनजना सिकिस्त

झापा(प्रस)। बिषालु च्याउ खाएर झापाको मेचीनगरमा तीनजना सिकिस्त भएका छन्। शुक्रवार दिउँसो अन्दाजी १२ बजे मेचीनगर नगरपालिका वडा नम्बर-१५ रघुबिर चौक बस्ने ७० वर्षीय भक्तबहादुर



राई, उनकी श्रीमती ६५ वर्षीया चन्द्रिका राई र नातिनी ४ वर्षीया बिनसी राईले घरनजिकै निन्दा खोलाम बगरमा उम्रेको बिषालु च्याउ घरमा ल्याई पकाएर खाएका थिए। च्याउ खाएर बिरामी भएपछि उनीहरुलाई बिर्तासिटि अस्पताल बिर्तामोड ल्याइएको छ। बोल्न सक्ने सबै विरामीहरुको अबस्था मध्यम रहेको जनाइएको छ।

## फेरि बढ्न थाल्यो बैंकहरूले राष्ट्र बैंकमा राख्ने रकम

झापा(प्रस) । निक्षेपको तुलनामा कर्जा लगानी नबढेपछि बैंकहरूले राष्ट्र बैंकमा राख्ने उब्रिएको रकम फेरि वृद्धि हुन थालेको छ। राष्ट्र बैंकको तथ्यांक अनुसार अहिले बैंकहरूले यसरी राखेको रकम तीन खर्ब ४१ अर्ब रूपैयाँ पुगेको छ। राष्ट्र बैंकले विभिन्न मौद्रिक उपकरणमार्फत् बैंकहरूमा उब्रिएको यस्तो रकम तान्ने गर्छ।

त्यस्तै, पुँजी कम हुँदा बैंकहरूको प्रणालीमा पैसाको प्रवाह बढाउने गर्छ। निक्षेप संकलन र स्थायी निक्षेप सुविधा जस्ता वित्तीय उपकरण मार्फत् विभिन्न अवधिको लागि राष्ट्र बैंकले बैंकहरूबाट पैसा तान्ने गर्छ।

एक वर्षभन्दा लामो समयदेखि बैंकहरूमा पैसा थुप्रिएको छ। पैसा थुप्रिए पनि त्यही अनुसार बैंकहरूले कर्जा लगानी बढाउन नसक्दा राष्ट्र बैंकले उब्रिएको रकम तान्ने गर्छ। कर्जा लगानी बढ्न नसक्दा अहिले बैंकिङ प्रणालीमा ६ खर्बभन्दा धेरै रकम (तरलता) रहेको छ। केही समय अघि बैंकहरूले यसरी राष्ट्र बैंकमा राख्न थालेको रकम घट्दै दुई खर्ब ३३ अर्बमा सीमित हुन थालेको थियो। सोभन्दा अघि यस्तो रकम चार खर्बसम्म पुगेको थियो।

तर, अहिले फेरि यस्तो रकम बढ्न थालेकोले बैंकहरूमा अहिले धेरै रकम भित्रिरहेको तर त्यही अनुसार कर्जा लगानी नभइरहेको संकेत गर्छ।

कर्जा लगानी जति कम भयो यसरी राखिने रकम बढ्दै जान्छ भने जति बढ्दै गयो, यसरी राखिने रकम त्यति नै कम हुँदै जान्छ। बैंकहरूले आफूसँग भएको सबै रकम कर्जा लगानी गर्न पाउँदैनन्।

निक्षेप झिक्न आउने सर्वसाधारण लगायतलाई दिनुपर्ने भुक्तानी नरोकियोस् भनेर निक्षेप संकलन, चुक्ता पुँजी लगायत रकमको कम्तीमा २० प्रतिशत तरल सम्पत्तिको रूपमा राख्छन्। जतिबेला चाहिन्छ त्यो बेला झिक्न सकियोस् भनेर बैंकहरूले यस्तो सम्पत्तिको रूपमा राखेका हुन्छन्।

यस्ता सम्पत्ति भनेको सरकारी ऋणपत्रहरू नै हुन्। केही रकम नै पनि बैंकहरूले राष्ट्र बैंकमा राख्छन्। त्यस बाहेक राष्ट्र बैंकले बैंकमा बढी पैसा हुँदा तान्न र आवश्यक पर्दा पठाउने गरी विभिन्न वित्तीय उपकरण जारी गरिरहेको हुन्छ। राष्ट्र बैंकको तथ्यांक अनुसार चैतसम्ममा भने बैंक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा ७.१ प्रतिशतले बढेको छ।

गत वर्ष असारसम्ममा ५१ खर्ब ६७ अर्ब कर्जा लगानी गरेका बैंकहरूले चैतसम्ममा आइपुग्दा ५५ खर्ब ३४ अर्ब कर्जा लगानी गरेका हुन्। गत महिना वैशाख ३० गतेसम्म बैंकहरूको निक्षेप ६८ खर्ब ६६ अर्ब र कर्जा लगानी ५५ खर्ब २४ अर्ब रूपैयाँ रहेको राष्ट्र बैंकको वेबसाइटमा उल्लेख छ।

## कन्काईमा दुई लागूऔषध कारोबारी पक्राउ




झापा(प्रस) । झापाको कन्काई नगरपालिकामा दुई लागूऔषध कारोबारी पक्राउ परेका छन्। शुक्रवार दिउँसो ४.३० बजे कनकाई नगरपालिका वडा नं. ४ इलुवाबारीमा इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट प्रहरी बरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको कमाण्डमा खटिएको स्वीप अपरेशन टोलीले गोप्य सूचनाको आधारमा सोही ठाउँ बस्ने ५० वर्षीय चन्द्रकुमार चौधरी र २४ वर्षीय संजय चौधरीलाई लागूऔषधसहित पक्राउ गरेको हो। उनीहरुको साथबाट प्लास्टिकसहित २९० मिलिग्राम ब्राउनसुगर , अन्दाजी १० ग्राम गाँजा र विभिन्न कम्पनीका ८ थान मोबाईल बरामद भएको छ। उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय सुरुङ्गामा राखिएको छ।

## ५० दिनपछि राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र थुनामुक्त

झापा(प्रस) । राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र सर्वोच्च अदालतको आदेशले थुनामुक्त भएका छन्। उनी पक्राउ परेको ५० दिनपछि रिहा भएका हुन्। न्यायाधीशद्वय कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मिश्रलाई हाजिरी जमानीमा थुनामुक्त गर्न आदेश दिएको हो।

पछि मुद्दा चल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा बोलाउनेगरी कानुन व्यवसायीको जिम्मा लगाउने गरी मिश्रलाई रिहा गर्न सर्वोच्चले आदेश दिएको हो। त्यसअघि बुधबार सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले मिश्रलाई पक्राउ गर्नको कारण देखाउ र बन्दी उपस्थित गराउने आदेश गरेको थियो।

गत चैत १५ गते पक्राउ परेका मिश्रसहितका आरोपितलाई आठौँ पटक मंगलबार थप ५ दिन म्याद थप गरिएको थियो। राजावादीले गत चैत १५ गते काठमाडौंको तीनकुनेमा आयोजना गरेको प्रदर्शन हिंसात्मक भएपछि त्यसमा भूमिका खेलेको आरोपमा मिश्रलगायतमाथि प्रहरीले विभिन्न अभियोगमा अनुसन्धान गरिरहेको जनाएको छ।

मिश्रलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै उनकी पत्नी सारिका कार्कीले वैशाख ३० गते सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दिएकी थिइन्।

यसैबीच सर्वोच्चको आदेशपछि रिहा भएका मिश्रले चैत १५ को घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उक्त घटनाको योजना आफूले नगरेको बताए। उनले यस घटनामा राज्य आफूविरुद्ध लागेको स्पष्ट भएको उल्लेख गरे।

उनले आफूले राजसंस्था पुनर्स्थापनाका लागि काम गरेकै तर संगठित अपराध, राज्यविरुद्धको कसुर र आपराधिक उपद्रवको काम केही नगरेको बताए। गत चैत्र १५ गते काठमाडौंको तीनकुनेमा राजवादीले गरेको हिंसात्मक प्रदर्शनमा संलग्न भएको भन्दै प्रहरीले मिश्रलाई पक्राउ गरेको थियो।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

## नेपाल ट्वान्टी-२० क्रिकेटको दोस्रो चरणमा



झापा(प्रस) । हङकङ र बहराइनबीचको खेल वर्षाले रद्द भएपछि नेपाल महिला ट्वान्टी-२० क्रिकेट विश्वकपको एसिया छनोटको दोस्रो चरणमा प्रवेश गरेको छ ।
थाइल्यान्डको बैंककमा पानी परेपछि खेल नै सुरु नभई हङकङ र बहराइनबीचको खेल रद्द हुँदा नेपाल भाग्यमानी सावित भएको हो ।
समूह सीमा रहेको नेपालले समूह चरणको सबै ४ खेल खेली ५ अंक बटुलेको छ । हङकङ नेट रन रेटमा नेपालभन्दा अगाडि रहे पनि प्रतियोगिताको नियामावलीअनुसार सर्वाधिक खेलमा विजय हात पार्ने टोलीका रूपमा नेपाल दोस्रो चरणमा प्रवेश गरेको हो ।
नेपालले २ खेल जितेको छ भने हङकङले १ खेल मात्र जितेको छ । डबल राउन्ड रोबिनमा आयोजित प्रतियोगितामा सहभागी ९ टोलीलाई ३ समूहमा विभाजन गरिएको छ र प्रत्येक समूहका शीर्ष टोली दोस्रो चरणमा पुग्नेछन् । त्यसपछि ३ टोलीले एक आपसमा प्रतिस्पर्धा गरेपछि शीर्ष दुई टोली ट्वान्टी-२० विश्वकप छनोटमा पुग्नेछन् ।

# सामुदायिक विद्यालय चन्दाबाट पूर्ण आवासीय

झापा(प्रस) । रावाबेंसी गाउँपालिका-१ कुभिण्डेस्थित दम्कुमा ८० घर स्थानीयको बसोबास छ । एक घर तामाङ र ७९ घर राई जातिको बसोबास रहेको दम्कुमा हरेक सामाजिक काम सबै एकताबद्ध भएर गर्दै आएका छन् ।
सानातिना विकासे कामका लागि सरकारको मुख नताक्ने बानी परेका उनीहरुको बीच गाउँमा कालिका आधारभूत विद्यालय सञ्चालनमा छ । कक्षा ८ सम्म अध्ययन/अध्यापन हुने यस विद्यालयमा यो शैक्षिकसत्रका लागि ६२ विद्यार्थी भर्ना भएका छन् । गाउँपालिकाबाट यसै वर्ष कक्षा ८ सम्म सञ्चालनको अनुमति पाएको




विद्यालयमा अध्ययन गर्न भर्ना भएका विद्यार्थीलाई संस्कारसहितको गुणस्तरीय तथा व्यावहारिक शिक्षा उपलब्ध गराउन स्थानीय कसिएका छन् ।
वि.सं. २०३६ मा स्थापना गरिएको यस विद्यालयमा बाल विकास केन्द्रदेखि कक्षा २ सम्म अङ्ग्रेजी माध्यमको पढाइ हुन्छ ।
विद्यार्थी अभावमा १२ वर्षअघि दुईवटा प्राथमिक तहको विद्यालय समायोजन गरेर सञ्चालन गरिएको कालिका आधारभूत विद्यालयमा प्रत्येक शैक्षिक सत्र क्रमशः बढाउँदै लगेर कक्षा ८ सम्म नै अङ्ग्रेजी माध्यम लागू गर्ने लक्ष्य राखिएको छ ।
वि.सं. २०७० मा स्थानीय जनता प्राथमिक विद्यालय र कालिका प्राथमिक विद्यालयबीच समायोजन गरेर कालिका आधारभूत विद्यालय बनाइएको यस विद्यालयलाई यसै शैक्षिक सत्रदेखि पूर्ण आवासीयसमेत बनाइएको छ ।
चन्दा सङ्कलन गरेर जुटाइएको रकमले आवासीय बनाइएको विद्यालयमा पूर्ण आवासीय भएर अध्ययन गर्नका लागि १४ छात्र तथा २० छात्रा भर्ना भएका छन् । कक्षा २ भन्दामाथिका विद्यार्थीलाई पूर्ण आवासीय रुपमा अध्यापन गराउने लक्ष्य राखिएको यस विद्यालयमा साना बालबालिकालाई अनिवार्य गरिएको छैन ।
छात्रछात्राका लागि छुट्टाछुट्टै बस्ने व्यवस्था मिलाइएको विद्यालयका लागि आवश्यक सिरक, डसना, तन्ना र सिरानी गाउँपालिकाले उपलब्ध गराएको छ । आवासका लागि आवश्यक पर्ने फर्निचर, भान्छाका सामग्री तथा रासन भने विद्यालय प्रशासन आफैँले उपलब्ध गराएको जनाइएको छ ।
पूर्ण आवासीय अध्ययनका लागि भर्ना भएका छात्रछात्राका लागि एक/एक महिला तथा पुरुष शिक्षक तोकिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर राईले जानकारी दिए । उनीहरुका लागि खान तथा बस्ने व्यवस्थासहित थप रु तीन/तीन हजार भत्ता उपलब्ध गराउने निर्णय गरिएको जनाइएको छ ।
साधारण तरिकाले सञ्चालन हुँदै आएको सामुदायिक विद्यालयलाई पूर्ण आवासीय बनाउने अभियान सुरु गरेको छोटो समयमा नै रु नौ लाख १४ हजार सहयोग प्राप्त भएको आर्थिक सङ्कलन समितिका संयोजक विशाल राईले जानकारी दिए ।

## यस्ता.....

सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा कर्मचारीको अवकाश उमेर ६० वर्ष बनाउँदा अपनाउने कार्यान्वयन विधिमा एक/एक वर्ष गरेर थप्ने व्यवस्था पास भएको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबार बसेको बैठकमा गृहमन्त्री रमेश लेखकले अवकाशको उमेर बढाएर ५८ बाट ६० पुऱ्याउँदा कार्यान्वयन एक/एक वर्ष गरेर गर्ने प्रस्ताव गरेका थिए । लामो समयदेखि विवादित यो विषयमा गृहमन्त्री लेखकको प्रस्ताव बमोजिम सहमति जुटेको हो ।
उमेर हद ५८ बाट बढाएर ६० पुऱ्याउनेमा सबै सहमत थिए । तर बढाएको उमेर हद कार्यान्वयनमा भने मुख्यसचिव एकनारायण अर्यालसहितका केही सचिवहरू एकै पटक दुई वर्ष बढाउने गरी कार्यान्वयन गर्नुपर्ने बताइरहेका थिए ।
लोकसेवा आयोगले तीन पटक गरी कार्यान्वयन गर्नुपर्ने आफ्नो लिखित धारणा समितिमा पठाएको थियो । आयोगले समितिलाई गत वैशाख ७ गते आयोगको धारणा पठाउँदै 'ऐन प्रारम्भ भएको मितिले निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेर चालु आर्थिक वर्षसम्म ५८ वर्ष, त्यसपछिको पहिलो ६ महिनासम्मका लागि ५८ वर्ष ६ महिना, त्यसपछिको दोस्रो एक वर्षसम्मका लागि ५९ वर्ष र त्यसको एक वर्ष पछि सबै कर्मचारीको उमेर ६० वर्ष कायम हुनेछ' राख्न आग्रह गरेको थियो ।
सरकारका तर्फबाट मध्यमार्गी प्रस्ताव आएपछि त्यसमै सहमति जुटेको हो ।
लामो समयसम्म विवाद रहेको कुलिङ पिरियड दुई वर्ष राख्ने व्यवस्था विधेयकमा गरिएको छ । निजामती कर्मचारीले माथिल्लो तहबाट अवकाश पाएपछि संवैधानिक, कूटनीतिक र राजनीतिक पदमा नियुक्ति खान कुलिङ पिरियड दुई वर्ष राखिएको हो । यसमा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले बिचमै मतैक्यता थिएन ।
एमालेले कुलिङ पिरियड एक वर्ष राख्नुपर्ने पक्षमा थियो । कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का सांसद भने दुई वर्ष राख्नु पर्ने पक्षमा थिए । कांग्रेस र माओवादीबिच मतैक्यता भएपछि बहुमत पुग्ने देखेर एमालेले दुई वर्षमै अन्तिम समयमा सहमति जनाएको हो । विधेयक कानुन भएपछि स्थानीय तहका कर्मचारी एक पटक अन्तरप्रदेश सरुवा हुन पाउने भएका छन् । अहिलेसम्म त्यो व्यवस्था नरहेकोमा विधेयकमा त्यो व्यवस्था थपिएको हो । यो सँगै स्थानीय तहको प्रमुखमा संघको कर्मचारी राख्ने कि ? प्रदेशको कर्मचारी राख्ने कि ? स्थानीय तहकै कर्मचारी राख्ने भन्ने विवादको निरूपण पनि विधेयकमा गरिएको छ । अब पालिकाको प्रमुख कार्यकारी अधिकृत १० वर्षसम्म संघको कर्मचारी हुनेछ । त्यसपछि प्रदेशको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउने व्यवस्था विधेयकमा गरिएको छ ।
विधेयकमा श्रेणीलाई तहगत व्यवस्थामा रूपान्तरण गरिएको छ । विधेयकका अनुसार राजपत्र अनंकित पाँचौं श्रेणीलाई सहायक पहिलो, राजपत्र अनंकित चतुर्थ श्रेणीलाई सहायक दोस्रो, राजपत्र अनंकित तृतीय श्रेणीलाई सहायक तेस्रो, राजपत्र अनंकित द्वितीय श्रेणीलाई सहायक चौथो तथा राजपत्र अनंकित प्रथम श्रेणीलाई सहायक पाँचौंको नामकरण गरिएको छ ।

राजपत्रांकित तृतीय श्रेणीलाई अधिकृत सातौं, र आठौं राजपत्रांकित द्वितीय श्रेणीलाई अधिकृत नवौं र दशौं तथा राजपत्रांकित प्रथम श्रेणी (सहसचिव)लाई अधिकृत ११ औं र १२ औं तह बनाइएको छ । अतिरिक्त सचिवलाई १३ औं, सचिवालाई १४ औं र मुख्यसचिवलाई १५ औं तहमा रूपान्तरण गर्ने व्यवस्था विधानमा गरिएको छ ।
विधेयकमा कर्मचारीको तहगत व्यवस्था गरिएको छ । निजामती सेवामा अब तहगत प्रणाली हुनेछ। १५ वटा तह कायम गरिएको छ। सबैभन्दा माथिल्लो तहको मुख्य सचिव पद १५ औं तहको मानिनेछ।
विधेयकको दफा २४ मा नेपाल सरकारको मुख्यसचिव र सचिवको पदावधिको व्यवस्था गरिएको छ । तहगत रूपमा लैजाँदा मुख्यसचिवलाई १५ औं र सचिवलाई १४ औं तहका अधिकृत भनिएको छ । दफा २४ को उपदफा (१)को (क) मा अधिकृत १५ औं तहका निजामती कर्मचारीको पदावधि दुई वर्ष हुने र (ख)मा अधिकृत १५ औं तहका कर्मचारीको पदावधि चार वर्ष हुने उल्लेख छ । त्यसभन्दा तल्ला पदमा भने पदावधिका आधारमा अवकाश हुने व्यवस्था विधेयकमा गरिएको छैन ।
रक्त सचिव पदलाई पुनः ब्युँताइएको छ । तहगत प्रणालीमा लैजाँदा १३ औं तहमा अतिरिक्त सचिवको व्यवस्था गरिएको छ । अतिरिक्त सचिव पदमा भने पदावधिको व्यवस्था गरिएको छैन । विधेयकको दफा ६ को(१) उपदफा (ज्ञ) को खण्ड (क) मा अतिरिक्त सचिवको व्यवस्था गरिएको छ । यसअघि २०४९ सालमा निजामती सेवा ऐनले अतिरिक्त सचिव पदको व्यवस्था गरेको थियो । प्रशासनिक जटिलता, निर्णय प्रक्रियामा ढिलाइ, र कर्मचारीबिच अधिकार तथा कार्यक्षेत्रका विवाद बढेपछि २०५९ सालमा ऐन संशोधन गरेर अतिरिक्त सचिव पद हटाइएको थियो ।
विधेयकमा तीन वटा विशिष्ट श्रेणीका पद राख्ने व्यवस्था गरिएको छ । अहिलेसम्म मुख्यसचिव र सचिवलाई विशिष्ट श्रेणीमा राखिएको थियो । अहिले अतिरिक्त सचिव थपेर त्यो पदलाई पनि विशिष्ट श्रेणीमा राखिएको छ ।
सहमति भएको विधेयकमा सहसचिवमा खुल्ला प्रतिस्पर्धा हटाइएको छ । अहिलेसम्म खुल्ला प्रतिस्पर्धाबाट सहसचिव लड्न पाउने व्यवस्था रहेकोमा यो विधेयक पास भएपछि खुल्लामा सहसचिव लड्न पाइने छैन ।
आन्तरिक रूपमा उपसचिवमा प्रतिस्पर्धा गर्न काम गरेको वर्ष बढाउने व्यवस्था विधेयकमा गरिएको छ । यसअघि शाखा अधिकृत भएर ५ वर्ष काम गरेकाले उपसचिव भिड्न पाउने व्यवस्था रहेकोमा अब ७ वर्ष काम गरेकाले मात्रै उपसचिवमा भिड्न पाउनेछन् ।

## नेविसंघले सीटीईभीटीको नयाँ भर्ना निर्देशिका जलायो

झापा(प्रस)। नेपाल विद्यार्थी संघ (नेविसंघ)ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)ले जारी गरेको नयाँ भर्ना निर्देशिका जलाएको छ।
नेविसंघका प्रतिनिधिहरूले परिषद् सदस्य-सचिव महेश भट्टराईको उपस्थितिमा उक्त निर्देशिकालाई जलाएका हुन्। उनीहरूले प्रवेश परीक्षाको प्रावधान हटाएर जीपीएको आधारमा मात्र विद्यार्थी भर्ना गर्ने नयाँ व्यवस्थालाई अस्वीकार्य ठहर गर्दै यसविरुद्ध कडा आपत्ति जनाएका छन्।
नेविसंघको आरोप छ कि यस्तो व्यवस्था मेरिट आधारित प्रणालीको खारेजी हो र यसले योग्य विद्यार्थीको अवसर गुमाउने खतरा पैदा गर्छ। "प्रवेश परीक्षा शिक्षाको स्तरीयताको एउटा आधार हो। यसलाई हटाउनु भनेको शिक्षा प्रणालीमै राजनीतिक हस्तक्षेप गर्ने प्रयास हो," एक नेविसंघ प्रतिनिधिले भने।
सीटीईभीटीले भने नयाँ निर्देशिका सबै वर्गका विद्यार्थीलाई पहुँच सहज बनाउन बनाइएको बताउँदै यसले शिक्षा प्रणालीलाई समावेशी र पहुँचयोग्य बनाउने दाबी गरेको छ। तर विद्यार्थी संगठनहरूको तीव्र विरोधका बिच, यो निर्देशिका कार्यान्वयनमा ल्याउन कस्तो प्रतिक्रिया आउनेछ भन्नेबारे अझै अन्योल छ।

## एक महिनामा भित्रियो १५ हजार टन डीएपी



झापा(प्रस) । वीरगन्ज नाका हुँदै एक महिनाको अवधिमा कृषि सामग्री कम्पनीको १५ हजार टन डीएपी मल भित्रिएको छ । वीरगन्ज प्रादेशिक कार्यालयका प्रमुख दुर्गाप्रसाद पाण्डेका अनुसार, भारतको कोलकाताबाट मल बोकेर रेल्वे ऱ्याक आइपुगेको हो ।
एउटा रेल्वे ऱ्याकले सामान्यतया २ हजार ५ सय टन मल बोक्छ । कुल ६ ऱ्याकमध्ये आधा सीमापारि भारतीय रेल्वे स्टेसन रक्सौलमा ३ वटा र सिर्सिया सुक्खा बन्दरगाहमा ३ वटा ऱ्याक आइपुगेका हुन् ।
कूल १५ हजार टन डीएपीमध्ये ६ हजार टन डीएपी कम्पनी प्रादेशिक कार्यालय वीरगन्जको गोदाममा भण्डारण भइसकेको छ । बाँकी मल भैरहवा र विराटनगर प्रादेशिक कार्यालय ल्याइदैछ । वीरगन्ज कार्यालयको मल रक्सौल रेल्वे स्टेसनमा तथा विराटनगर र भैरहवाको मल सिर्सिया सुक्खा बन्दरगाहमा आइरहेको छ ।
ग्लोबल टेन्डरबाट सन इन्टरनेसनल कम्पनीले यो मल आपूर्तिको ठेक्का पाएको हो । २५ हजार टन डीएपी मलको यो कन्साइन्मेन्टअन्तर्गत ९ हजार ५ सय टन मल वीरगन्ज प्रादेशिक कार्यालयले पाउने छ । बाँकी मल भैरहवा र विराटनगर प्रादेशिक कार्यालयले पाउने छन् ।
हाल चैते धान बालीका लागि डीएपी मलको माग नरहेकाले आउँदो वर्षे धान बाली सिजनका लागि यो कन्साइन्मेन्टको मल उपयोगी हुने पाण्डेले बताए । कम्पनी मधेश प्रादेशिक कार्यालयले मधेश प्रदेशका जिल्लाका साथै बागमती र गण्डकी प्रदेशका समेत गरी १६ जिल्लामा मल परिचालन गर्दै आएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री बविता अग्रवाल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री तिलाचन लुहागुनले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ १९ | १२५ | १७०.०० | २०८१/ ११ /०१ | २०८१/ ११ /०४ | २०८१/ १२/२१ |

**बिर्तामोड नगरपालिकाको**

**अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

**कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.**
**Karnali Saving & Credit Co-operative Ltd.**
" मेरो कर्णाली, मेरो समृद्धिको आधार, जन्मदेखि मृत्युसम्म कर्णाली " बिर्तामोड-४, झापा

**सफ्टवेयर आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०३

यस संस्थाको लागि सम्पति शुद्धीकरण (AML/CFT) सम्बन्धी सफ्टवेयर आवश्यक भएको हुँदा यसप्रकारको सफ्टवेयर निर्माता तथा वितरक कम्पनीहरुबाट तपशिलका बुँदाका आधारमा रही इच्छा पत्र आह्वान गरिएको छ।

**क. संस्थाको जानकारी**

१. संस्थाको हाल झापा १५ पालिका, मोरङ ७ पालिका र इलाम ४ पालिका कार्यक्षेत्रमा ४१ वटा सेवाकेन्द्रहरु रहेको छ । यी सम्पूर्ण सेवाकेन्द्र परिचालनका लागि बिर्तामोड स्थित एक केन्द्रिय कार्यालय रहेको छ ।
२. संस्थाको २०८१ चैत मसान्तको रिपोर्ट अनुसार ५९,२४७ बढी शेयर सदस्यहरु रहेका छन ।
३. हाल संस्थामा मूख्य कोर बैंकिङ सफ्टवेयर इन्फो डेभ्लोप्र्स प्रा. लि. द्धारा निर्मित ईन्फीनिटी कोर बैंकिङ रहेको छ ।

**ख. अन्य बुँदा**

१. सफ्टवेयर बिक्रेता कम्पनीले पहिलो चरणमा इच्छा पत्र (Letter of Interest) पेश गर्नुपर्नेछ ।
२. बिक्रेता कम्पनीले इच्छा पत्र पेश गर्दा कम्पनीको प्रोफाइल, कार्य अनुभव, सफ्टवेयरको विशेषता, क्लाइन्ट लिष्ट विवरण र आधिकारिक निकायबाट मान्यता प्राप्त भएमा सो समेतको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ।
३. इच्छा पत्र पेश गर्दा बिक्रेता कम्पनीले आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कागजाताको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ ।
४. इच्छा पत्र संस्थाको केन्द्रिय कार्यालय, बिर्तामोड-४, झापा वा इमेल ठेगाना: karnali.bank@gmail.com मा पठाउन सकिनेछ ।
५. सफ्टवेयर बिक्रेता कम्पनीले संस्थासँग पहिलो चरणमा अन्तक्रिया कार्यक्रम (भौतिक तथा अनलाइन विधि) मा सहभागी बन्नु पर्नेछ ।
६. प्राप्त इच्छा पत्रको आधारमा प्रारम्भिक चरणको अन्तक्रिया कार्यक्रम आपसी समन्वयको आधारमा तय गरिनेछ भने इच्छा पत्र पेश गर्ने अन्तिम मिति २०८२ जेष्ठ २० गते मंगलबार कार्यालय समय सम्म रहेको छ ।

थप जानकारीका लागि
सम्पर्क नं. : ९७०५३१५५११ ९८०१४२६५३५ ९८०१४२६६००


नव सञ्चार गृह ... (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बेरुजु घटाऔं

झापाका १५ पालिकामध्ये सबैभन्दा बढी बेरुजु मेचीनगर नगरपालिकामा रहेको पाइएको छ ।महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन २०८२ अनुसार मेचीनगरमा सबैभन्दा बढी बेरुजु रहेको पाइएको हो ।

बुधवार महालेखा परीक्षकको कार्यालयले ६२औं बार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गरेको छ । महालेखा परीक्षक तोयम रायाले प्रतिवेदन बुझाएका हुन् ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार मेचीनगर नगरपालिकामा सबैभन्दा बढी ६.११ प्रतिशत बेरुजु रहेको पाइएको हो । मेचीनगरमा २२ करोड ५६ लाख १२ हजार रुपैयाँ बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ । मेचीनगरपछि सबैभन्दा बढी बेरुजु हुने दोस्रोमा कचनकवल गाउँपालिका रहेको छ । कचनकवलमा ४.५१ प्रतिशत अर्थात ६ करोड ४३ लाख १ हजार रुपैयाँ बेरुजु रहेको छ । त्यस्तै तेस्रो स्थानमा रहेको बुद्धशान्ति गाउँपालिकामा ४.१० प्रतिशत अर्थात ६ करोड ४४ लाख ७२ हजार रुपैयाँ बेरुजु देखिएको छ । सबैभन्दा कम बेरुजु बाह्रदशी गाउँपालिकामा रहेको छ । बाह्रदशीमा ०.७२ प्रतिशत अर्थात ७५ लाख ६ हजार रुपैयाँ बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक अनुशासन कायम गराउन लेखा परीक्षणको भूमिका महत्वपूर्ण रहन्छ। चालु तथा पूँजीगत खर्चको स्थिति, ऋण तथा सावाँ–ब्याज भुक्तानी, वैदेशिक सहयोगको प्राप्ति तथा उपयोगबारे अध्ययन गर्न लेखा परीक्षण गरिन्छ।

आन्तरिक ऋण, शेयर लगानी, प्रतिफल प्राप्तिको स्थिति सम्बन्धमा यथार्थ जानकारी गराई खर्चको सार्थक मूल्य प्राप्त भए–नभएको, भविष्यमा अवलम्बन गर्नुपर्ने सुधारका उपायको बारेमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनबाट अवगत गर्न सकिन्छ।

आयोजनाको छनोट, कार्यान्वयन, मर्मतसम्भार र दिगोपना प्राप्त भए/नभएको बारे लेखा परीक्षण प्रतिवेदनमा विश्लेषण गरिन्छ। आयोजनाको छनोट, प्राथमिकता क्रम निर्धारण, कार्यान्वयनमा लेखा परीक्षण प्रतिवेदनले पृष्ठपोषण दिन्छ।

सार्वजनिक पदाधिकारीहरूले खर्च गर्दा वा स्रोत उपयोग गर्दा प्रचलित कानुनको पालना गरे नगरेको, समयानुकूल ऐननियमको सुधार वा संशोधन गरे–नगरेको बारे महालेखा परीक्षकको कार्यालयले निगरानी गर्छ। आर्थिक अनुशासन कायम भई वित्तीय सुशासन कायम गराउन लेखा परीक्षणको भूमिका महत्वपूर्ण रहन्छ।

नेपालको संविधानको धारा २४१ र लेखा परीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखा परीक्षण महालेखा परीक्षकबाट हुने भनी व्यवस्था छ।

लेखा परीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखा परीक्षणमान, लेखा परीक्षण मार्गदर्शन, निर्देशिका एवं असल अभ्यास समेतका आधारमा विद्युतीय पद्धतिमा आधारित नेपाल लेखा परीक्षण व्यवस्थापन प्रणाली प्रयोग भइरहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम लेखा परीक्षणबाट देखिएका व्यहोरा सहितको लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन तत्काल उपलब्ध गराउने र त्यसमाथि प्राप्त जवाफ प्रमाण र प्रतिक्रिया समेतका आधारमा बेरुजु फर्स्योट गरिन्छ।

बाँकी रहेका व्यहोरा तथा विषयहरू लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाई समेत जानकारी गराई महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गर्ने अभ्यास छ। यसरी पेश भएको प्रतिवेदन संघीय, प्रदेश र स्थानीय तहमा गठन हुने सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्था छ।




# सगरमाथा संवाद: आशा र अपेक्षा



• दीपक ज्ञवाली

विश्वभर कार्बन उत्सर्जनबारे तथ्याङ्क हेर्दा चीन, अमेरिका र भारत यी तीन देशले मात्रै विश्वमा झन्डै आधा अर्थात् ४६.२ प्रतिशत उत्सर्जन गर्छन् । साना सय देशले २.९ प्रतिशत उत्सर्जन गर्छन् । नेपाल यो मामिलामा उत्कृष्ट छ । किनभने यहाँ उत्सर्जनको अवस्था अति न्यून अर्थात् ०.०४ प्रतिशतभन्दा पनि कम छ । बरु सञ्चितीकरणमा योगदान छ । पृथ्वीको तापक्रम असामान्य तरिकाले बढाउने एक प्रमुख कारण कार्बन उत्सर्जनमा सबैभन्दा बढी भूमिका विश्वका ठुला र शक्ति राष्ट्रहरूको रहे पनि त्यसको सिकार त्यसका कारक नै नरहेका देशहरू बन्नु परिरहेको छ । नेपाल त्यसको उदाहरण र प्रमाण हो । अर्थात् नेपालका लागि नखाएको विष लागे जस्तै भइरहेको छ ।

जलवायु परिवर्तनबाट विश्वभर अनेक नकारात्मक परिदृश्य देखिरहेको बेला त्यसको प्रत्यक्ष प्रभाव नेपालसम्मै आइपुगेको छ । कार्बन सञ्चितीकरण गरेर वातावरण संरक्षण र स्वच्छतामा उच्च योगदान गरिरहेको नेपालका अनेक क्षेत्रमा यसको सिधा प्रभाव परिरहे पनि नकारात्मक परिणामका प्रमुख कारक रहेका ठुला राष्ट्रहरूले न त नेपालको योगदानको कदर गरेका छन् न त क्षतिपूर्ति नै दिएका छन् । खासमा यसबारे अन्तर्राष्ट्रिय समुदाय गम्भीर देखिएको छैन । अहिले यो सबैभन्दा चिन्ता र चासोको विषय बनिरहेको छ । अनेक तथ्यहरूले पुष्टि गरेका छन् कि जलवायु परिवर्तनबाट भइरहेका प्रभावका दृष्टिले दक्षिण एसिया सबैभन्दा बढी जोखिममा रहेको छ । त्यसमा पनि कार्बन उत्सर्जन र तापमान वृद्धिमा भूमिका नरहेको नेपाललगायत अल्पविकसित देशको जनजीवनमा पीडादायी प्रभाव परिरहेको छ ।

नेपाल सन्दर्भकै कुरा गरौं । जलवायु परिवर्तनबाट यहाँका कृषि, ऊर्जा, पानी, पर्यटन, जनस्वास्थ्य, जैविक विविधतालगायतका तमाम क्षेत्रहरूमा प्रत्यक्ष प्रभाव परिरहेको छ । उच्च हिमाली क्षेत्रका हिमनदीहरू तीव्र गतिमा पग्लिँदै गएका छन् । हिमताल फुट्ने र जनधनको ठुलो क्षति पुऱ्याउने घटना दोहोरिरहेका छन् । पानी पर्ने बेलामा परेको छैन, नपर्ने बेलामा पर्न थालेको छ । अर्थात् नियमित मौसम चक्र बिथोलिएको छ । कहिले असाध्यै वर्षा त कहिले असाध्यै सुक्खा जस्तो अनियमित शृङ्खलाका कारण बाढी-पहिरो जस्ता घटनाबाट जनधनको ठुलो क्षति हुन थालेको छ ।

जलवायु प्रभावबाट ऊर्जा उत्पादन, जैविक विविधता, मानव स्वास्थ्यलगायतका थप अनेक क्षेत्रमा पनि नकारात्मक प्रभाव परिरहेको छ । जस्तो कि स्वच्छ पानी र सफा हावामा कमी देखिन थालेको छ । अत्यधिक गर्मीका कारण डेङ्गु, हैजालगायतका रोग तथा सङ्क्रमण बढ्न थालेका छन् । तापक्रम बढ्ने क्रमकै कारण रैथाने वनस्पति, तिनका प्रजाति, कैयौं वन्यजन्तु, पशुपन्छी लोप हुने खतरा बढिरहेको छ, कैयौँ लोप भइसकेका छन् । बसोबास क्षेत्रमा प्रतिकूल वातावरणका कारण कैयौँ जीव र वन्यजन्तुहरू बसाइँ सरिरहेका छन् । जलस्रोतको धनी देशमै पनि ऊर्जा उत्पादनमा बाधा आउन थालेका छन् । वर्षा हुने र हिउँ पग्लिने प्रक्रियामा अनियमितताका कारण जलाशय सुक्ने र जल ऊर्जा उत्पादनमा समेत प्रतिकूल अवस्था आउने सङ्केत देखिँदै छन् ।

प्रभावित तमाममध्येको एक महत्वपूर्ण क्षेत्र कृषिको अलि चर्चा गरौं । देशको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याएको, कतिपय उत्पादनमा देश आत्मनिर्भर भएको र करिब ६० प्रतिशतभन्दा बढी जनसंख्या आश्रित भएको कृषि क्षेत्रमा गम्भीर चुनौती खडा हुँदै गएको छ । कृषि प्रणाली अनियमित बन्दा कृषि उत्पादक तथा किसानहरूको आय घटिरहेको छ । उत्पादन घट्दा ग्रामीण र हिमाली क्षेत्रका बासिन्दाले सबैभन्दा धेरै पीडा भोगिरहेका छन् । यसको असर सिङ्गो देशको खाद्य व्यवस्थापनमा पर्ने जटिल सङ्केत देखिरहेका छन् । मौसमी अनियमितताले पहिले पहिले जस्तो निश्चित समयमा पानी पर्ने, बाली रोप्ने र भित्र्याउने चक्रमा परिवर्तन आएको छ । ढिलो या छिटो वर्षा, असमयमा असिना पानी वा शीतलहरका कारण बाली नष्ट हुने समस्या बढेको छ । सिँचाइका लागि पानीको उपलब्धता घट्ने समस्या हुन थालेको छ । नयाँ रोगको प्रकोप, विनाशकारी किराहरूको सङ्क्रमण बढ्न थालेको छ । यसबाट मकै, धान, गहुँलगायतका मुख्य खाद्यान्न बाली, फलफूल, तरकारीमा असर पुग्न थालेको छ । उत्पादन पूर्ति गर्न किसानहरूले रासायनिक मल र विषादी प्रयोग गर्न बाध्य हुँदै छन् । जसले तत्काल उत्पादन बढे जस्तो देखिए पनि दीर्घकालीन रूपमा माटोको उर्वरा शक्ति घटाउनुका साथै किसानको लागत बढाउने र स्वास्थ्यमा समेत असर पुग्ने जोखिम बढ्दै छ । असिना, हावाहुरीको समस्या बढ्दै छ । मलखादको बढ्दो माग धान्न कठिन हुँदै छ । परम्परागत सिप र ज्ञान भएका कैयौं किसान बढी पिरमा छन् । त्यस्तै बिउ विकास, कृषिमा आधारित रोजगारी र जीविकोपार्जनमा सङ्कट, खाद्य सुरक्षामा खतरा, मूल्य वृद्धि र त्यसबाट सबैभन्दा बढी गरिब वर्ग प्रभावित हुने जोखिम देखिन थालेका छन् । यीलगायतका क्षेत्रमा पर्ने र परिरहेका प्रभाव कम नभएमा देशको समग्र अवस्था, गरिबी न्यूनीकरण, दिगो विकाससँगै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा प्राप्तिको लक्ष्यमा समेत प्रभाव पर्न सक्ने छ ।

### सगरमाथा संवाद

सन्दर्भतः ठिक यही बेला नेपालमा नेपाल सरकारको आयोजनामा सगरमाथा संवाद (२०८२ जेठ २-४) हुँदै छ । विश्वमै अनेक ऐतिहासिक पहिचान दिएका सेता हिमालहरू क्रमशः काला पथ्थरमा उजाड हुँदै गरेका दुःखद दृष्टान्त भोग्न थालेको नेपालले हिमाल र वातावारण संरक्षणको उच्च अठोट तथा विश्वव्यापी सन्देशका लागि यस्तो आयोजना गरेको हो । जुन सर्वोच्च शिखर सगरमाथाको नामबाट हुँदै छ र यहाँ हुने संवाद विश्वभर पुऱ्याइने छ । एउटा अभूतपूर्व विश्व मञ्चमा विश्वका विभिन्न देशका विज्ञ, सरोकारवाला एवं प्रतिनिधि सहभागी हुँदै छन् । जहाँ वर्तमान विश्वमा अति बढी सरोकारको विषय र मुद्दा बनेको जलवायु परिवर्तन, वातावरण स्वच्छता जस्ता विषयमा गहन अनुसन्धान सामग्री र विचारहरूको प्रस्तुतिसँगै विश्वलाई नयाँ सन्देश र समाधानका उपाय दिने निष्कर्ष निकाल्ने तयारी छ ।

यस्तो कार्यक्रम नेपालमा पहिलो पटक हुँदै छ। त्यसो त यो पहिले नै गर्ने भनिएको थियो । अघिल्लो पटक केपी शर्मा ओली प्रधानमन्त्री र प्रदीपकुमार ज्ञवाली परराष्ट्रमन्त्री रहनुभएका बेला २०७६ चैत २०-२२ का लागि मिति तय भए पनि विश्वव्यापी कोभिड महामारीका कारण हुन सकेन । दोस्रो पटक २०७८ असोज १८-२० गतेका लागि कार्यक्रमको मिति तय भयो । त्यस पटक पनि सम्भव हुन सकेन । किनभने त्यसबेला अस्थिर राजनीति, सरकार परिवर्तन जस्ता आन्तरिक किचलोले यो मुद्दा ओझेलमा पऱ्यो । स्मरणीय छ, पछिल्लो पटक प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वमा नेकपा (एमाले) र नेपाली कांग्रेसको संयुक्त सरकार बने लगत्तै एमालेले सरकारसमक्ष बुझाएको सुझावमा सगरमाथा संवादको आयोजनालाई प्राथमिकताका साथ उल्लेख गरिएको थियो ।

सगरमाथा संवादको सफलताका लागि विभिन्न पूर्वतयारी कार्यक्रम भएका छन् । यसलाई सफल बनाउन कार्यक्रमको पूर्वसन्ध्यामा नेकपा (एमाले) विपत् व्यवस्थापन तथा स्वयम् सेवा विभागले काठमाडौंमा 'सगरमाथा संवादको स्थानीयकरण : जलवायु सशक्तीकरण र विपत् न्यूनीकरणका लागि राजनीतिक प्रतिबद्धता' विषयक कार्यक्रम आयोजना गरेको थियो । जहाँ विषय विज्ञहरूले अनुसन्धानपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै एमाले महासचिव शङ्कर पोखरेलले सगरमाथा संवादले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकृष्ट गर्ने विश्वास व्यक्त गर्नुभएको थियो । सोही दिन दक्षिण एसियाका लागि जलवायु अनुकूलन र सहनशीलतासम्बन्धी काठमाडौंमा आयोजित कार्यशालालाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सगरमाथा संवाद जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्यमा केन्द्रित हुने र यस फोरममा जलवायु परिवर्तनको वर्तमान अवस्था र यसले निम्त्याइरहेका चुनौतीबारे बृहत् छलफल हुने बताउनुभएको थियो । त्यसअघि विपक्षी दल, विभिन्न सरोकारवाला सङ्घ, संस्थालगायतले यस्तो कार्यक्रमको सफलताका लागि चासो देखाएका थिए । २०८२ वैशाख ३ गते प्रधानमन्त्री ओलीसमक्ष नेकपा (माओवादी केन्द्र) को वन, वातावरण तथा जलवायु विभागले सगरमाथा संवाद तय भएकोमा स्वागत गर्दै कार्यक्रमका लागि साझा अवधारणा तयार गर्न आग्रह गरेको थियो ।

### नेपालका लागि सुवर्ण अवसर

तापमान वृद्धि र जलवायु परिवर्तनको विश्वव्यापी जोखिम तथा तनावबिच कैयौँ नयाँ अवसर र लाभका ढोकाहरू खोल्न सकिने विज्ञहरूले सुझाएका छन् । सफल जलवायु कूटनीति, राजनीतिक दरिलो प्रतिबद्धता, दलहरूबिच ऐक्यबद्धता जस्ता कुराहरूमा दृढ भूमिका खेल्न सकेमा कैयौँ चुनौतीबिच पनि नेपालले विश्वस्तरमा नेतृत्वको अवसरदेखि स्थानीय स्तरसम्म अनेक लाभ लिन सक्ने छ । यस्तो सुवर्ण अवसर यही सगरमाथा संवादबाट प्रारम्भ हुन सक्ने छ । कार्बन सञ्चितीकरण, प्रकृतिमैत्री विकास, वातावरण संरक्षण जस्ता पक्षमा योगदान पुऱ्याएको नेपालले यसको पैरवी गर्दै विश्वस्तरमा वातावरण संरक्षणको सन्देशसहित विभिन्न अन्तर ष्ट्रिय निकाय र फोरमको नेतृत्व गर्न सक्ने छ । नकारात्मक परिणामका कारक ठुला राष्ट्रका नियत छर्लङ्ग पार्दै उनीहरूका कारण पीडा भेलिरहेका आफू जस्तै विश्वका बहुसंख्यक राष्ट्रहरूको आवाजलाई प्रतिनिधित्व गर्दै नेपालले इसिमोड, बिम्स्टेक, सार्क, बिबिआइएनलगायतका अन्तर्राष्ट्रिय निकाय र फोरममा पहलकदमी र नेतृत्व गर्न सक्ने छ । ती राष्ट्रको प्रतिनिधित्व गर्दै कारक राष्ट्रहरूबाट पीडित राष्ट्रहरूका लागि क्षतिपूर्तिको आवाज बुलन्द गर्न सक्ने छ । वनजङ्गल संरक्षणमा पूर्ण सफल नेपालले विश्व वातावरण संरक्षणका लागि नयाँ सन्देश दिदै विश्वभर नयाँ पहिचान र योगदान गर्न सक्ने छ ।

नेपालले घरेलु वातावरण संरक्षणमा थप आयाम थप्दै विश्वभर उदाहरण बन्ने अवसरलाई पनि सदुपयोग गर्न सक्ने छ । जलवायु र वातावरणमैत्री शिक्षा, हरित अर्थतन्त्र, जिरो कार्वन उत्सर्जनको ब्रान्डिङ, नवीकरणीय ऊर्जाको विकास, नयाँ जलवायु अनुकूलनका नयाँ खेती, वैज्ञानिक कृषि प्रणालीमा बढावा जस्ता कुरामा नेपालले नमुना परिणाम दिन सक्ने छ । त्यस्तै वन क्षेत्र संरक्षण गरेर अन्तर्राष्ट्रिय स्तरमा कार्बन व्यापार गर्न सक्ने छ । हरित पर्यटन प्रवर्धनबाट इको-टुरिज्म बढाउन सक्ने छ । जैविक कृषि, हिमाली पदमार्ग र स्वच्छ वातावरणप्रति आकर्षण बढाउने पर्यटनले ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानी बढाउन सक्ने छ । मौसम प्रतिरोधी सडक, भवन तथा सिँचाइ प्रणाली जस्ता दीर्घकालीन रूपमा उपयोगी हुने नमुना काम गर्न सक्ने छ । वातावरण संरक्षणमा विश्व अनुसन्धान केन्द्र बन्दै जलवायु परिवर्तनसँग जुध्नका लागि

अन्तर्राष्ट्रिय दातृ संस्थाहरू, अनुसन्धान केन्द्रहरू र साझेदारहरूसँग सहकार्य र आर्थिक सहयोगको ढोका खोल्न सक्ने छ । राजनीतिक दृढ इच्छा शक्ति, राज्यको कुशल जलवायु कूटनीति, दलहरूबिच साझा धारणा र एजेन्डा हुन सकेमा यी सबै स्वर्णिम सम्भावना टाढा छैनन् । सगरमाथा सम्मेलन विश्वभर नयाँ परिणाम र सन्देश दिँदै नेपालले विश्वमञ्चमा अति ऐतिहासिक नेतृत्व गर्ने अवसरको ढोका खोल्नका लागि कोसेढुङ्गा बन्न सकोस् । शुभकामना ।

# संरचनागत परिवर्तनमा बजेट



• झलक सुवेदी

सरकारको नीति तथा कार्यक्रम संसद् बाट पारित भएसँगै बजेटमाथि चासो र छलफल सुरु भएको छ । अनेक संघ संस्था र व्यक्तिहरू आफ्ना हित अनुरूप बजेट आउनुपर्ने मागपत्र बोकेर अर्थमन्त्री र मन्त्रालयहरूमा पुगिरहेका छन् । उद्योगी, व्यापारी व्यवसायी, ठेक्का पट्टा गर्नेहरू, आयात निर्यात गर्नेहरू, कर्मचारी र प्रतिनिधि सभाका सदस्य यस्तो दबाब समूहमा अग्रपङ्क्तिमा पर्छन् जसका कुरा सरकारले यो वा त्यो ढङ्गले सुन्छ र सम्बोधन गर्छ । अनि ठुला र शक्तिशाली नेताका निर्वाचन क्षेत्रमा आफ्नो पक्षमा जनमत सिर्जना गर्न राज्यकोषको भरपूर प्रयोग गर्ने विषय सबैभन्दा माथि पर्ने गरेको छ । प्रतिनिधि सभा सदस्य रहेका सांसदलाई निर्वाचन क्षेत्रका जनताको मत प्रभावित गरिरहन राज्यकोषबाट करोडौं उपलब्ध गराउने आर्थिक अपराधमा त सिङ्गो संसद् र राजनीतिक दलहरूको एकमतो हुने गरेको छ । कतिपय करका दर निर्धारण हुनु अगाडि व्यापारीलाई सूचित गरिन्छ । तिनले कर बढ्ने सम्भावित वस्तुको आयात बजेट पेस हुनुअघि नै गर्छन् र अकुत नाफा कमाउँछन् जसको सानो लित्को पित्को हिस्सा पाएर राजनीतिक नेतृत्व मख्ख परिरहन्छ । यी यस्ता कुरा हुन् जसले हाम्रो अर्थतन्त्रको प्राथमिकतालाई गोलमाल गरिरहेका छन् र राज्यकोष सक्नेले चुस्ने पलाँसको फुलको रस जस्तो बनेको छ । जनसंख्याको ठुलो हिस्साको प्रतिनिधित्व गर्ने साना तथा मझौला किसान, कृषि श्रमिक, अनौपचारिक क्षेत्रमा काम गरिरहेका सबैभन्दा पिँधका जनताका आवाज भने प्रायः बजेटमा प्रतिध्वनित हुँदैन ।

यसै गरी मानव विकास सूचकमा अत्यन्त पछि परेका क्षेत्रका जनसमुदायलाई शिक्षा, स्वास्थ्य सेवा, पोषणयुक्त खाना र सुरक्षित आवासका कार्यक्रममा भने अड्कलेर बजेट छुट्याइन्छ, छुट्याए जस्तो गरिन्छ । उनीहरू सङ्गठित छैनन्, तिनका आवाज केवल सुस्केराका रूपमा उनीहरूका कार्यथलो र बासहरूमा मात्र सुनिन्छन्, सत्ता र शक्तिको केन्द्रसम्म हैन । आर्थिक रूपमा सबैभन्दा तल्लो तहमा पर्ने जनसंख्याको ठुलो हिस्सा ओगट्ने समूहको ससाना मागलाई सत्तामा बस्नेहरूले दयाका रूपमा हेरिदिनुपर्ने विषयमा लिन्छन् । यस्तै हुँदै आएको छ । राज्यमा उपलब्ध स्रोत तथा साधनको वितरण उत्पादनमुखी क्षेत्रमा पुग्न भन्दा स्वार्थ समूहका हित रक्षा गर्नमा लक्षित हुन्छन् । पञ्चायतकालदेखि रहेको यो सनातन परम्पारका कारण हाम्रो अर्थतन्त्रमा जुन रफ्तारमा संरचनागत परिवर्तन हुनुपर्ने हो त्यस्तो भएको छैन । जसले अर्थतन्त्रको उत्थानका संरचनागत अवरोध हटाउनभन्दा जोगाइराख्न मद्दत गरेका छन् ।

रूपमा पूरा भएको क्रान्ति

नेपाल आमरूपमा पुँजीवादी प्रकृतिको समाज, उदारवादी राजनीतिक प्रणाली र पुँजीवादी अर्थतन्त्र भएको मुलुक हो । राजनीतिमा बाहेक पुँजीवादी विकास अपूर्ण र कट्मिरो खालको छ । पाकी नसकेको तर अलिकति गुलियो पसेको बेलौंती जस्तो । यस्तो कट्मिरोपन अर्थतन्त्रका हरेक क्षेत्रमा विद्यमान छन् । उन्नत कृषि यन्त्रबाट उत्पादन गरिरहेका कृषि फर्म पनि छन् । सयौं वर्ष पहिले विकास भएका हलो, कुटो र कोदालोमा आधारित श्रम प्रधान खेती पनि चलिरहेकै छ । बिक्रीका लागि उत्पादन गर्ने व्यावसायिक कृषि पनि छ र निर्वाहका लागि गरिने खेती पनि । घरेलु उद्योग मासिएर गएका छन् । जुद्धशमशेरका समयदेखि चलेका आधुनिक उद्योगले अझै अर्थतन्त्रलाई जम्मा चार प्रतिशतभन्दा कम योगदान गर्छन् । जम्मा २४ प्रतिशत योगदान गर्ने कृषिमा ५५ प्रतिशतभन्दा बढी श्रमशक्ति संलग्न छन् । अनि त्यो ५५ प्रतिशत श्रमशक्तिले गरेको उत्पादनले देशलाई पूरै आत्मनिर्भर बनाउन सकेको छैन जबकि उच्चस्तरका आधुनिक अर्थतन्त्रमा पाँच प्रतिशतभन्दा कम जनसङ्ख्या संलग्न कृषिले देशलाई आवश्यक खाद्यान्न मात्र उत्पादन गर्दैन निर्यात पनि गर्न सक्छ । हामीकहाँ कृषि अर्थतन्त्रबाट सेवा प्रधान अर्थतन्त्रमा फड्को मार्दा उद्योग क्षेत्रको विकास छुटेको छ र यसले परनिर्भर उपभोगमुखी अर्थतन्त्रको विकास गरेको छ । अर्थतन्त्रको संरचनागत समस्या यहीँनिर छ ।

हामीकहाँ २००७ सालदेखि २०६३ सम्मका सबै क्रान्तिकारी हस्तक्षेप समाजलाई पुँजीवादी बाटोमा हिँडाउन भएका बुर्जुवा क्रान्ति हुन् । अर्थात् पुँजीपति वर्गलाई उत्थान गर्न र सामन्तवादी अर्थतन्त्र, संस्कृति र राजनीतिलाई ध्वंस गर्ने उद्देश्यले भएका क्रान्ति । तिनले क्रान्तिपछि स्वतन्त्र र प्रगतिशील चरित्रको पुँजीवाद विकास गर्न सकेनन् । सस्तो मूल्यमा श्रम निर्यात गर्ने र सस्तै मूल्यको उत्पादित वस्तु आयात गरेर निर्वाह गर्ने । यसैबाट राज्यको ढुकुटीमा पनि पैसा व्यवस्थापन गर्ने आमजनताको उपभोगको स्तर पनि वृद्धि गर्ने । आफूले उत्पादन नगर्ने या ज्यादै कम गर्ने । अर्थतन्त्रको यही चरित्रले हो देशभित्र रोजगारी सिर्जना गर्न नसकेको, अर्थतन्त्र उकासिन र जिडिपी र प्रतिव्यक्ति आयस्तामा उल्लेख्य प्रगति हुन नसकेको । अर्थतन्त्रको यो संरचनागत अवरोध जहिलेसम्म रहन्छ, तहिलेसम्म जति बजेट आए पनि त्यसले आमजनतालाई ललिपपको काम त गर्छ तर गरिबी र व्यथा बदल्दैन । एउटा दुष्चक्रमा फसिरहन्छ । यसले नेपालको पुँजी, व्यवस्थापकीय क्षमता र श्रमशक्तिको उत्पादक शक्तिको फुक्काफाल विकास हुन अवरोध गर्छ र २०६३ को पुँजीवादी क्रान्तिको कार्यभार अधुरो नै रहन्छ ।

बजेटले जोड दिनुपर्ने क्षेत्र

बजेटले समात्नुपर्ने लक्ष्य भनेकै यस्तो संरचनागत अवरोध छिनाल्नु हो । उत्पादक शक्तिलाई पूर्ण स्वतन्त्र बनाउनु, समग्र साधन र स्रोतको वितरणलाई अधिकतम उत्पादनमुखी क्षेत्रतिर प्रवाहित गर्नु हो । यसका लागि आन्तरिक पुँजी र प्रविधिले मात्र पुग्दैन । प्रत्यक्ष वैदेशिक लगानी र ऋणको उपयोग अनिवार्य बन्न जान्छ । यस्तो ऋण सरकारी क्षेत्रले पूर्वाधार विकासमा लिने मात्र होइन निजी क्षेत्रलाई पनि वैदेशिक ऋण लिन अनुकूल वातावरण सिर्जना गर्नु आवश्यक छ । यसै गरी कृषि क्षेत्रमा प्रत्यक्ष या पोर्टफोलियो दुवै तरिकाको वैदेशिक लगानीलाई बाटो खुला गर्नु आवश्यक छ । कृषि क्षेत्रमा वैदेशिक लगानी भित्रिन दिँदा कति क्षेत्रफल या कुन मात्रको उत्पादन गर्ने, के केमा लगानी गर्ने, उत्पादित वस्तु आन्तरिक बजारमा कति आपूर्ति गर्ने र कति प्रतिशत निर्यात गर्नुपर्ने भन्ने पहिले नै तय गरिनु पर्छ । यस्तो लगानीले नेपालमा प्रविधि र ज्ञानको हस्तान्तरण सुनिश्चित गरेको हुनु पर्छ । वैदेशिक लगानी ठुलो स्केलको फार्ममा

❖ बाँकी तेस्रो पृष्ठमा

# दलीय भागबन्डा र द्वन्द्वपीडितको अडान

झापा । संक्रमणकालीन न्यायसम्बन्धी (सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन) आयोगमा पदाधिकारी नियुक्त भए पनि टुंगोमा पुग्नेबारे संशय प्रकट भइरहेका छन्। यसअघि राजनीतिक दाउपेचको विषय बनाइँदा लामो समय अल्झिएकोमा अहिले पनि दलहरूले भागबन्डामा पदाधिकारी नियुक्त गरेपछि यसपटक पनि टुंगोमा पुग्नेमा विश्वस्त हुन सक्ने अवस्था नबनेको हो।

पछिल्ला केही वर्षदेखि अलपत्र दुई आयोगमा बुधबार (वैशाख ३१ गते) सरकारले पदाधिकारी नियुक्त गरेको छ। सत्य निरूपणमा महेश थापा अध्यक्ष छन् । उनी पूर्वनायब महान्यायाधिवक्ता हुन्। सदस्यमा अच्युतप्रसाद भण्डारी, टीकाप्रसाद ढकाल, पदमबहादुर शाही र कुमारी कौशल्या ओझा छन्।

यस्तै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्ष पूर्वमुख्यसचिव लीलादेवी गड्तौला छिन्। सदस्यमा गोपालनाथ योगी, अग्निप्रसाद थपलिया, सिर्जना पोखरेल र विनिता नेपाली रहेका छन्। दुई आयोगका लागि तेस्रोपटक पदाधिकारी नियुक्त भएका हुन्।

यसअघि विस्तृत शान्ति सम्झौताको आठ वर्षपछि २०७१ सालमा मात्रै यी दुई आयोग गठन भएका थिए। त्यसपछि केही उजुरी संकलनको काम त गरे तर पछि सर्वोच्च अदालतको आदेशपछि कानुन संशोधनका लागि लामो समय कुर्नुपर्ने स्थिति बन्यो।
अहिले कानुन बनिसकेपछि दोस्रोपटक बनेको छनोट समितिको सिफारिस अनुसार दुबै आयोगले पदाधिकारी त पाए तर सर्वस्वीकार्य हुन सकेको छैन।

**पीडित पक्षकै चर्को असन्तुष्टि**

जसलाई न्याय दिनका लागि भन्दै आयोगमा पदाधिकारी नियुक्ति गरियो, त्यही पक्ष (द्वन्द्वपीडित)ले प्रथम कदममै अन्याय महसुस गरेका छन्। वर्षौंदेखि न्याय र परिपूरणको पर्खाइमा रहेका द्वन्द्वपीडितहरूले दुई आयोगका पदाधिकारीलाई सहयोग नगर्ने सार्वजनिक घोषणा गरिसकेका छन्। द्वन्द्वपीडितहरू आबद्ध संघसंस्थाले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै धारणा पनि सार्वजनिक गरेका छन्। उनीहरूले भर्खरै नियुक्ति पाएका पदाधिकारीहरूलाई पीडितहरूले जागिर छोडेर पीडितलाई सघाउन आग्रह गरेका छन्।
'छनौट समितिबाट सिफारिस भई नियुक्त पाएका व्यक्तिहरू कसैमा संक्रमणकालीन न्याय प्रक्रिया सफलताको कडी पीडित समुदायको स्वामित्व र विश्वास हो भन्ने किंचित् पनि ज्ञान छ भने जागिरको लालसा नराखी नियुक्तिलाई अस्वीकार गरेर द्वन्द्वपीडित समुदायप्रति ऐक्यबद्धता प्रकट गर्न आह्वान गर्दछौं', पत्रकार सम्मेलनपछि जारी विज्ञप्तिमा भनिएको छ।

हालै गरिएको नियुक्तिलाई अपारदर्शी, स्वेच्छाचारी, अविश्वसनीय, निर्देशित र दलीय भागबन्डामा आधारित भन्दै छनौट र नियुक्तिप्रति गम्भीर असहमति र आपत्ति रहेको उनीहरूले बताएका छन्।

द्वन्द्वपीडितहरूले यी दुई आयोगमा तीन दलले भागबन्डा गरेको आरोप लगाएका छन्। सत्य निरूपणको अध्यक्षसहित चारजना एमाले समर्थित, कांग्रेसबाट बेपत्ता आयोगका अध्यक्षसहित तीन सदस्य र माओवादी केन्द्रबाट तीनजना सदस्य गरी भागबन्डा गरेको उनीहरूको आरोप छ।

पदाधिकारी नियुक्त भएकै दिन द्वन्द्वपीडितहरूले परामर्श र प्रक्रियामा आफूहरूको सहभागिताका लागि अर्थपूर्ण अवसर नदिई, संक्रमणकालीन न्यायको जिम्मेवारी वहन गर्नसक्ने उम्मेदवारको खोजी नगरिएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्र पठाइसकेका छन्।

उम्मेदवारहरूको मूल्यांकनबिना खुलमखुला तीनदलीय भागबन्डाको आधारमा सिफारिस गरिएको भन्दै यो स्वीकार्य नहुने द्वन्द्वपीडितहरूले स्पष्ट पारेका छन्। उनीहरूले भनेका छन्, ' नियुक्तिप्रति कुनै हालतमा पनि हाम्रो स्वामित्व र अपनत्व नरहने कुरा सविनय दोहोऱ्याउन चाहन्छौं।' पीडितहरूको आत्मसम्मानमा ठेस पुऱ्याएर जबर जस्ती लादिने निर्णय स्वीकार्य नहुने उनीहरूले बताएका छन्।

मानवअधिकार गम्भीर उल्लंघनका पीडितहरूको राष्ट्रिय सञ्जाल नेपालका महासचिव भागीराम चौधरी दलहरूले भागबन्डाका कारण नागरिक समाजका योग्य नामहरू छुटेको बताउँछन्। 'मूलतः यो पारदर्शी हुनुपर्छ भन्ने हिजोदेखिकै माग थियो। त्यो भएको पाइँदैन', उनी भन्छन्, 'अर्को कुरा प्रक्रिया अवैधानिक होइन, राजीतिक दल जोडिनु पनि अन्यथा होइन तर नागरिक समाजका व्यक्ति जसले दल, पीडित, सेना, प्रहरी सबै पक्षलाई विश्वासमा लिएर काम गर्न गर्न सक्ने व्यक्तिको नाम नपर्दाको अवस्थामा विरोधको स्वर व्यापक बनेको हो।'

सांसदसमेत रहेकी द्वन्द्वपीडित मैना कार्की पीडितहरूलाई नजरअन्दाज गरिएपछि उनीहरू झन् आक्रोशित बनेको बताउँछिन्। दुवै आयोगमा स्वतन्त्र व्यक्ति नसमेटिएकाले पनि नयाँ पदाधिकारीहरू पीडितको नजरमा स्वीकार्य हुन नसकेका बताउँछिन्।

'पीडितहरूका असन्तुष्टि भनेको हामीसँग परामर्श गरिएन भन्ने हो। हाम्रो मुद्दालाई बुझ्ने, हामीसँग सहकार्य गर्ने, विश्वसनीय, निष्पक्ष र स्वतन्त्र मान्छे भइदियोस् भन्ने थियो। सकेसम्म दुबै आयोगमा पीडितका तर्फबाट पनि प्रतिनिधित्व होस् भन्ने थियो', उनी भन्छिन्, 'तर यसमा परामर्श भएन, दलहरूले पनि सोध्नुसम्म भएन भन्ने हो।'

आयोगमा पदाधिकारी बन्ने उम्मेदवारको 'सर्ट लिस्ट' बाहिर आएपछि त्यसलाई सच्याउन पीडितले सबैसँग आग्रह गरेका थिए। उनीहरूले सिफारिस समितिसँग मात्र नभई प्रधानमन्त्री ओली, कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाललगायतसँग सच्याउन आग्रह गरेका थिए। आफूहरूको आग्रहलाई लत्याइएको उनीहरूको आरोप छ।

यसअघि पनि द्वन्द्वपीडितहरूको असन्तुष्टिबीच दुई आयोगका पदाधिकारी छानिएका थिए। द्वन्द्वपीडितले आयोगमा राजनीतिक भागबन्डा हुँदा पदाधिकारीले कुनै पनि काम गर्न नसकेको आरोप लगाउँदै आएका थिए।

**के भन्छ माओवादी ?**

संक्रमणनकालीन न्यायसँग जोडिएको अर्को प्रमुख पक्ष माओवादी केन्द्र हो तर अहिले दुवै आयोगमा नियुक्त गरिएका पदाधिकारीका सन्दर्भमा माओवादी पनि सन्तुष्ट सुनिँदैन।

माओवादी सचिव लीलामणि पोखरेल सत्ताधारी दलहरूले दुई अध्यक्ष भागबन्डा गर्दा पीडितहरूको माग सम्बोधन नभएको बताउँछन्। यद्यपि उनले अहिलेका नयाँ पदाधिकारीबारे पार्टीको समर्थन रहे/नरहेको बारे भने अनभिज्ञता प्रकट गरे।

'मुख्य पक्ष त माओवादी हो तर सरकारले अध्यक्षहरू भागबन्डा गरे। यसमा पार्टीको आधिकारिक सहमतिबारे मलाई थाहा भएन तर मलाई के लाग्छ भने माओवादीसँग पनि सरोकार नराखिएको जस्तो मैले बुझेको छु', उनले भने, ' हिजो पीडित पक्षले राखेका कुरा ठिक छन् भनेर माओवादीले भनेको हो। अहिले पीडितलाई नै नै बेवास्ता गरेर बनाइएको हुनाले यसमा माओवादीको पूर्ण समर्थन छ भन्ने लाग्दैन।'

पीडितहरूको चाहनाविपरीत सरकारले आफूखुसी पदाधिकारी नियुक्त गरेपछि यो संक्रमणकालीन न्यायको विषय जटिल बन्ने बुझाइ नेता पोखरेलको छ। 'पीडित पक्षकै सरोकार र उनीहरूका कुरालाई बेवास्ता गरेर आयोग बनाइएका आयोगलाई नसघाउने घोषणा गरिसके । हामीलाई बेवास्ता गरिन्छ भने हामीले नागरिक आयोग बनाएर आफैँ अनुसन्धान गर्छौं भनिसक्या छन्। त्यसो हुँदा अहिले सरकारले बलजफ्ती बनाएपछि यो कठिन हुने देखिन्छ।'

**टुंगोमा पुग्ने फेरि संशय**

आयोगका पदाधिकारी नियुक्तिलाई लिएर संक्रमणकालीन न्यायका प्रमुख दुई पक्ष पीडितहरू र माओवादी केन्द्र नै असन्तुष्ट बनेपछि संक्रमणकालीन न्याय टुंगोमा पुग्नेमा फेरि आशंका उत्पन्न भएको छ। स्वयं द्वन्द्वपीडितहरू अहिलेका पदाधिकारीबाट आफूहरूले वास्तविक न्याय पाउने र यो विषय टुंगोमा पुग्नेमा सशंकित छन्।

मानवअधिकार गम्भीर उल्लंघनका पीडितहरूको राष्ट्रिय सञ्जाल नेपालका महासचिव भागीराम चौधरी नयाँ पदाधिकारीहरूले निष्पक्षताका साथ तथ्य बाहिर ल्याएर न्याय दिलाउनेमा आशंका व्यक्त गर्छन्।

'संक्रमणकालीन न्यायसँग जोडिएका आयोगहरूले सत्यतथ्य उजार गरेर प्रतिवेदन सरकारलाई बुझाउने र सरकारले कार्यान्वयन गर्ने हो । तर यसमा राजनीतिक इच्छाशक्ति र चाहना के छ भन्नेले अर्थ राख्छ', उनी भन्छन्, 'त्यसकारण मलाई लाग्छ आयोगमा देखिएका व्यक्तिहरूले वास्तविक सत्य बाहिर ल्याउँछन् भन्नेमा निकै ठूलो शंका छ।'

यद्यपि आफू नयाँ समितिको कार्ययोजना, कार्यविधि, पीडितसँगको व्यवहार हेरेर थप टिप्पणी गर्ने पक्षमा रहेको बताउँछन्।

द्वन्द्वपीडित सांसद मैना कार्की पनि स्वयं पीडितहरूले नै नस्विकारेको नयाँ समितिबाट संक्रमणकालीन न्यायको काम टुंगोमा पुग्नेमा ढुक्क छैनन्। 'पीडितहरूका लागि बनाउने हो आयोगहरू। उहाँहरूकै सहमति नभएपछि यो गाह्रो विषय हो। पीडितहरू आक्रोशित र आन्दोलित हुनुहुन्छ। उहाँहरूलाई अलग राखेर त कसरी होला र !'

मानव अधिकारकर्मी पनि आयोगहरूका पदाधिकारी सर्वस्वीकार्य हुन नसक्दा संक्रमणकालीन न्यायको विषय टुंगोमा पुग्नेमा संशकित देखिन्छन्। मानवअधिकार आयोगका पूर्वसदस्य गौरी प्रधानका अनुसार सर्वदलीय नभई सर्वपक्षीय व्यक्ति आयोगको नेतृत्वमा आवश्यक थियो।
उनले पनि पीडितहरू नै असन्तुष्ट भइरहँदा संक्रमणकालीन न्यायको विषय गाह्रो र कठिन हुने औंल्याए।

**यस्तो छ प्रधानको भनाइः–**

सामान्यतया यस्ता खालका आयोगहरू बताउँदा पीडित पक्ष र मानव अधिकारका क्षेत्रमा सहमति हुन अत्यन्तै आवश्यक छ। किनभने यो मानवअधिकार, मानवीय कानुनको उल्लंघनसँग जोडिएको विषय हो।

संक्रमणकालीन विषयवस्तुलाई कसरी सम्बोधन गरेर शान्तिलाई कसरी दिगो बनाउन सकिन्छ ? दुई पक्षबीच लेनदेनको विषय नभईकन समझदारी हुन जरुरी छ, जसले चाहिँ समाजवादमा त्यस्तो प्रकृतिका घटना नदोहोरियोस् र देशमा पुनःनिर्माण, शान्ति र मानवअधिकारको पक्षमा अगाडि बढ्ने कुरा हो।

अहिलेका सिफारिस समिति जुन थियो, त्यसमा नागरिक समाज, मानवअधिकार आयोग, सरकार सबैखाले मान्छे थिए। उसले यसमा असाध्यै विचार गर्नुपर्थ्यो।
यस्ता आयोग बन्दाखेरी समाजमा सबैले पत्याएका मान्छेहरू आवश्यक छ। समाजले यो मान्छेले कम्तिमा कसैको पक्ष लिँदैन, सत्यको खोजी गर्छ र पीडितलाई न्याय दिन्छ भन्ने ठानोस्।
यस्तो यस्तो विषय हो, जहाँ दलहरूबीचको नेगोसिएसनले मात्र हुँदैन। यो सर्वदलीय होइन, सर्वपक्षीय भावनालाई बोक्न सक्ने हुनुपर्छ।
पीडितहरू आफू असन्तुष्ट भइरहेको अवस्थामा यो गाह्रो र कठिन जस्तो लाग्छ मलाई।

# यस्ता छन् निजामती विधेयकमा गरिएका नयाँ व्यवस्था

झापा । 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको छ । विवादित दुई विषय कुलिङ पिरियड र कर्मचारीको अवकाश उमेर ६० वर्ष बनाउँदा अपनाउने कार्यान्वयन विधिमा सहमति जुटेपछि शुक्रबार बसेको प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट विधेयक पारित भएको समिति सदस्य सरिता प्रसाईले जानकारी दिइन् ।धेरै विवादका बिच सहमति जुटाउँदै समितिबाट विधेयक सर्वसम्मतिले पारित भएको हो । २०८० साल फागुन २१ प्रतिनिधिसभामा दर्ता भएको विधेयकलाई सैद्धान्तिक छलफल गरेर प्रतिनिधिसभाले दफावार छलफलका लागि २०८१ जेठ १५ गते राज्य व्यवस्था समितिमा पठाएको थियो ।
विधेयकमा सांसदहरूले १२४ समूहमा एक हजार ५८३ वटा संशोधन प्रस्ताव दर्ता गरेका थिए । संशोधन प्रस्ताव समेतलाई एकै ठाउँमा राखेर दफावार छलफल गरेर संसदीय समितिले विधेयक शुक्रवार सर्वसम्मतिले पारित गरेको हो ।
समितिले संघीय निजामती सेवाको, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा कांग्रेस सांसद दीलेन्द्र प्रसाद बडूको संयोजकत्वमा उपसमिति बनाएर विवाद समाधानको प्रयास गरेको थियो । विवादका अधिकांश विषयमा बडू नेतृत्वको उपसमितिले सहमति जुटाएको थियो । उपसमितिले जुटाउन नसकेको सहमति शीर्ष तहसँग कुरा गरेर फेरि समितिले जुटाएर विधेयक सर्वसम्मतिले पारित गरिएको हो ।

यो विधेयक संघीयता कार्यान्वयनका लागि आवश्यक पहिलो कानुन हुनेछ । विधेयकमा निजामती सेवा ऐन २०४९ मा भन्दा १० वटा नयाँ व्यवस्था गरिएको छ ।
निजामती सेवा ऐन २०४९ को दफा १० मा पुरुष उम्मेदवारको हकमा पैँतीस वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष पूरा नहुँदासम्म सेवा प्रवेशका लागि परीक्षा दिन पाइने व्यवस्था थियो । आज समितिले पास गरेको विधेयकमा महिलाको सेवा प्रवेशका लागि परीक्षा दिन पाउने उमेर एक वर्ष घटाइएको छ । यो विधेयक कानुन भएपछि महिलाहरूले ३९ वर्ष पूरा हुँदासम्म मात्रै सेवा प्रवेशका लागि प्रतिस्पर्धा गर्न पाउनेछन् ।
'संघीय निजामती सेवाको गठन, सञ्चालन र

❖ बाँकी अन्तिम पृष्ठमा

## संरचनागत ...

मात्र ल्याउने निश्चित गर्नु पर्छ । यसै गरी विश्व आपूर्ति शृङ्खलासँग जोडिएका पार्टपुर्जा उत्पादन र 'एसेम्बलिङ' उद्योगको स्थापना र विकासलाई प्रोत्साहन गर्नु जरुरी छ र यस्तो उत्पादनमा वैदेशिक लगानीलाई सहज बनाउनु पर्छ । कर छुट, बाहिर लान पाउने मुनाफाको दर र सेयर बिक्री वितरणलाई पारदर्शी हुने गरी कानुनी व्यवस्था गर्नु पर्छ ।
ठुला व्यवसायी कर छल्ने, सरकारलाई दबाब दिएर या घुस दिएर कम कर तिर्ने, आयात गरिने सामानमा कम भन्सार मूल्याङ्कन गराएर उपभोक्ताबाट अत्यधिक नाफा लिने अवस्थामा नियन्त्रण गर्नु पर्छ । करका दर बढाउनेतिरभन्दा करको दायरामा धेरैलाई समेट्ने उपाय अवलम्बन गर्नु पर्छ । यसरी मात्रै कानुनका अगाडि सबै समान छन् भन्ने सन्देश जान्छ र स्वच्छ रूपमा व्यवसाय गर्नेहरू प्रोत्साहित हुन्छन् । यो सजिलो उपायबाट धन कमाउन मात्र होइन मेहनत गरेर र जोखिम मोलेर दीर्घकालीन रूपमा काम गर्नेहरूका लागि प्रोत्साहित गर्ने एक मात्र उपाय हो ।
ठुला कृषि फर्मको अर्थ पनि यसैमा खुल्नु पर्छ । ठुला कृषि फर्मले प्रशोधन उद्योगहरूका लागि कच्चा पदार्थको निरन्तर र सहज आपूर्ति सुनिश्चित गर्न सके भने ठुला फर्म आफैँले प्रशोधन उद्योग पनि सञ्चालन गर्न सके भने मात्रै आन्तरिक सर्कुलेसनको एउटा चक्र निर्माण हुन्छ । यसले आन्तरिक स्रोतमा आधारित दिगो र राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्ने अर्थतन्त्र निर्माणमा सहयोग पुग्छ । अर्थतन्त्रको संरचनागत अवरोध हटाउने यो नै अर्थपूर्ण उपाय हो । औद्योगिक विकासको आधार तयार गर्न राज्यले गर्नुपर्ने महत्वपूर्ण काम भनेको दक्ष जनशक्ति उत्पादनमा लगानी हो । यसो गरेर मात्र वैदेशिक लगानी लिएर आउनेले प्रतिफल सुनिश्चित हुने वातावरण पाउने हुन् । शिक्षा, खास गरी प्राविधिक शिक्षा हासिल गरेको जनशक्तिले मात्र यस्तो खाँचो पूरा गर्छ ।

अहिले नै चीनबाट बाहिरिन चाहने कतिपय अमेरिकी कम्पनी भियतनाम गएका छन् तर भारत आउन सकेका छैनन् । त्यसको खास कारण नै श्रमको उत्पादकत्व चीनका तुलनामा भारतमा कम भएर हो ।

विकास र जनताका आर्थिक वृद्धि र गरिबी घटाउने कुरा अन्तरसम्बन्धित छन् । आर्थिक वृद्धिबिना त गरिबी हटाउन सक्ने कुरा भएन । आर्थिक वृद्धिका लागि सम्पूर्ण श्रमशक्तिको उच्चतम प्रयोगको सम्भावना प्रयोग हुनु पर्छ । त्यसका लागि हाम्रो जस्तो समाजमा उत्पादकत्व पूर्ण उपयोग हुन नदिइएका दलित, महिला समेतलाई पूर्ण र उन्मुक्त रूपमा श्रम र आर्थिक कारोबारमा संलग्न हुन पाउने अवस्था सिर्जना हुनु पर्छ । अध्ययनका अवसर, आफ्नो वैयक्तिक क्षमताको पूर्ण विकास र उपयोग गर्ने वातावरण सिर्जना हुनु पर्छ । राज्यले त्यसमा लगानी गर्नु पर्छ ।

यसै गरी मानव विकास सूचक कमजोर भएका जिल्ला र स्थानीय तहमा विशेष कार्यक्रम लागु गरेर उक्त समूहको जीवनस्तर उकास्ने, साक्षर र शिक्षित बनाउने, अब हुर्कने कोही पनि बालबालिकाले कमसेकम १२ कक्षासम्मको शिक्षा पाओस, त्यसपछि कम्तीमा प्राविधिक विषयको एउटा विधामा दक्ष बनोस्, कुपोषण हटाउने कार्यक्रम लागु होस् । महिला सशक्तीकरणका कार्यक्रम लागु होउन् । सामाजिक विभेदका सबै परम्परामाथि राज्यले हस्तक्षेप गरेर सबैलाई समान नागरिकका रूपमा समाजमा उचो शिर गरेर हिँड्ने अवस्था सिर्जना गरियोस् । यति भयो भने उसको उत्पादन क्षमताको पूर्ण प्रयोग हुन्छ । परिवार सुखी हुन्छ र समाज पनि धनी र सम्पन्न हुने आधार बन्छ ।

आउने बजेटले सबै लोलोपोतो छाडेर यति मात्र कुरा गरे पनि समाजले ऐतिहासिक ' डिपार्चर' लिने छ । साना साना योजनामा संघीय बजेट छर्ने, सांसदलाई भोट किन्न पैसा वितरण गर्ने, मुख्य र ठुला नेतालाई खुसी पार्न बजेट उनीहरूको जिल्लामा केन्द्रित गरिदिने, कुनै एउटा व्यापारीबाट प्राप्त हुने लाभका लागि करका दर घटबढ गर्ने सनातन परम्पराबाट बजेट मुक्त हुनै पर्छ । अन्यथा यो बजेट पनि सरकार भएकाले पेस गरेर कर्मकाण्ड पूरा गर्ने तहबाट माथि उठ्न सक्ने छैन ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल
**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
**मिन** रोकिएका काम पुनः सुरु हुन सक्छ ।